चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
घरखेडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

सूचना प्रकाशन,सामग्रि आपुर्ती तथा सेवा प्रवाह सम्बन्धी सूचना।

सूचना नं.: ८१४

(प्रकाशित मिति:-२०८३।०७।१७)

उपर्युक्त सम्बन्धमा यस चुरे गाउँपालिकाको पूर्व स्वीकृति तथा विधिवत् खरिद आदेश वा कार्यादेश प्राप्त नगरी कुनै पनी सञ्चारमाध्यम, पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम वा अन्य माध्यमबाट यस कार्यालयको नाममा कुनै पनी प्रकारका सूचना प्रकाशन नगर्न/नगराउन हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै होटल व्यवसायी, सप्लायर्स, निर्माण व्यवसायी तथा अन्य सेवा प्रदायकहरुले समेत यस कार्यालयबाट विधिवत् रुपमा जारी भएको खरिद आदेश वा कार्यादेश प्राप्त नगरी कुनै पनि प्रकारका वस्तु, सामग्री वा सेवा उपलब्ध नगराउन हुन अनुरोध गरिन्छ।

उल्लेखित व्यवस्था विपरित कार्यालयको पूर्वस्वीकृती तथा विधिवत् खरिद आदेश, कार्यादेश वा सम्झौता बिना गरिएको सूचना प्रकाशन तथा प्रसारण, सामग्री आपूर्ति, निर्माण कार्य वा सेवा प्रवाहबाट सिर्जना हुने कुनै पनी बिल भुक्तानी सम्बन्धी दावी वा अन्य दायित्वप्रति गाउँपालिका जिम्मेवार हुने छैन। साथै, प्रचलित कानूनबमोजिम स्वीकृत प्रक्रिया पूरा नभएका त्यस्ता दाबीको भुक्तानी गर्न गाउँपालिका बाध्य हुने छैन।

अतः प्रचलित कानुन, आर्थिक अनुशासन तथा सार्वजनिक खरिदसम्बन्धी स्थापित प्रक्रियाको पूर्ण पालना गर्नुहुन सम्बन्धित सबै सरोकारवालाहरूलाई सूचित गरिन्छ।

२०८३/०७/१७

कुमारी गोमति बोगटी
प्रमुख प्रशासकीय अधिकृत

कुमारी गोमति बोगटी
प्रमुख प्रशासकीय अधिकृत

Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com ,
http://info@churemun.gov.np
Mobile no. 9858485303, 9858488012, 9858488013